कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

**बीरेन्द्रनगर, सुर्खेत, नेपाल**

छनौट तथा सिफारिस समिति

सेवा करारमा लिने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/२३)**

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कर्णाली प्रदेश, सुर्खेतका लागी देहाय बमोजिमको सेवा, समूह र तहको पदमा देहायको संख्या र योग्यता भएका प्राबिधिक कर्मचारीहरु सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २ बजेसम्म दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद नाम | सेवा/ समूह | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०८०/०८१ | फार्मेसी सहायक | नेपाल स्वास्थ्य/फार्मेसी | पाचौ | २ | |

**१. योग्यता र अनुभव**

**१.१ न्यूनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल फार्मेसी परिषद् मा दर्ता भएको।

१.२ उमेरको हकमा १८ वर्ष उमेर पूरा भएको ४५ वर्ष ननाघेको ।

१.३ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको ।

१.४ भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरीने गरी बर्खास्त नभएको ।

१.५ अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

२. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम काउन्सिल वा परिषद् वा अन्यबाट व्यवसायिक प्रमाणपत्र लिनुपर्ने पदहरुको हकमा त्यस्तो प्रमाणपत्र र विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षता निर्धारणको प्रमाणपत्रको प्रतिलिपि (कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ)।

२.१ अनूभव वापत तोकिएको अंक प्रदान गरिनेछ ।सो का लागि अनिवार्य रुपमा अनुभवको प्रमाण पत्रको प्रतिलिपि पेश गरेको हुनु पर्नेछ ।

२.२ स्थायी बसोबास वापत तोकिएको अंक प्रदान गरिनेछ । सो का लागी अनिवार्य रुपमा स्थायी बसोबास गरिरहेको व्यहोराको सम्वन्धित स्थानीय तहको सिफारिस पत्र पेश गर्नु पर्ने छ । सिफारिस पत्र विज्ञापनको मितिले तीन महिना भन्दा अगाडी जारी गरेको मान्य हुने छैन ।

२.३ समावेशीता (महिला, आदिवासी जनजाती, मधेशी, पिछडीएको क्षेत्र, दलित र अपाङ्ग) वापत तोकिएको अंक प्रदान गरिनेछ । सो का लागी अनिवार्य रुपमा सो सम्वन्धि विवरण खुलेको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

३. कार्यविधि बमोजिम हुनेः छनौटको प्रकृया कर्णाली प्रदेश सरकारको प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्वन्धी कार्यविधि, २०७६ (संशोधित समेत) को दफा ९ र १० बमोजिम हुनेछ ।

४. उपरोक्त पद यस आ.व लाई मात्र लागु हुनेछ । एक पटकमा वढिमा छ महिनाका लागी मात्र करार सम्झौता गरिने छ र कार्यालयले आवश्यक ठानेमा पुनः थप गर्ने सक्नेछ । कार्यालयलाई आवश्यक नभएमा वा बजेटको व्यवस्था नभएमा करार सम्झौता स्वतः खारेज हुनेछ ।

५. दरखास्त फाराम कार्यालयको Website http://phlmc.karnali.gov.np_बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

६. दरखास्त दिने स्थान, विधि र अन्तिम मितिः योग्यता पुगेका ईच्छुक उम्मेद्वारले दरखास्त दिने म्यादको अन्तिम दिनको २:०० बजेसम्म भौतिक रुपमा कार्यालयमा उपस्थित भई दरखास्त पेश गरी सक्नु पर्नेछ ।दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट दिनको २:०० बजेसम्म दरखास्त पेश गरी सक्नु पर्नेछ ।

७. उम्मेदवारहरुको संक्षिप्त सूची प्रकाशन गर्नेः- दरखास्त दिने अन्तिम मितिको १५(पन्ध्र) दिन भित्र प्रकाशन गरिनेछ ।सोको जानकारी कार्यालयको वेवससाईट _http://phlmc.karnali.gov.np_र यस कार्यालयको सूचना पाटी बाट प्राप्त गर्न सकिनेछ ।

८. अन्तरवार्ता हुने मिति,समय र स्थानः संक्षिप्त सूची प्रकाशन हुदा सोही सूचनामा जानकारी गराईनेछ । अन्तरवार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता लागायतका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।

१०. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन ।

११. यो सूचना प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको वेबसाईट र सूचना पाटीमा समेत हेर्न सकिनेछ ।

| |
|---|
| <u>कार्यालय प्रयोजनको लागिः</u><br>परीक्षार्थीको संकेत नम्बरः<br>रोल नं./विज्ञापन नं/सूचना नं.<br>............/................/............. |

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**

**बीरेन्द्रनगर, सुर्खेत, नेपाल**

**<u>दरखास्तफाराम</u>**

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने |

(क) उम्मेदवारले दरखास्त फारम भरेका पद सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं. : | २.पदः | ३.सेवा/समूह/उपसमूहः | ४. तहः |

(ख)उम्मेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरिकमा) | | |
| | | अंग्रेजी (ठुलो अक्षरमा) | | लिङ्गः |
| | जन्म मिति (वि.सं.): | | (इस्वी सम्बत्) | हालकोउमेर......वर्ष.........महिना |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्लाः | | ख) गा.पा./न.पाः | ग) वडा नं |
| | घ) टोलः | | ङ) घर नं./मार्गः | च) फोन नं |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेलः |
| बाबुको नाम, थर : | | आमाको नामः | | बाजेको नाम, थर : |

(ग) दरखास्त दिने पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/तालिम दिने संस्था/बोर्ड | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारम तथा करार सम्झौतामा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु।

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | | **उम्मेदवारको दस्तखत** |
|---|---|---|
| **दायाँ** | **बायाँ** | |
| | | **मितिः** |
| कार्यालयले भर्नेः (दरखास्त अस्वीकृत भए सो को कारणः) | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br><br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br><br>दस्तखत र मितिः | |

द्रष्टव्यःदरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।(१)नेपालीनागरिकताकोप्रमाणपत्रकोप्रतिलिपि, (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (समकक्षता आवश्यक परेमा सो को समेत प्रतिलिपि),(३) सम्बन्धित काउन्सीलको प्रमाणपत्र (लाईसेन्स)(४) अनुभवको प्रमाणपत्र।